संसारका मजदुर तथा उत्पीडित जनता एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद- जिन्दावाद !

# क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

Revolutionary Communist Party of Nepal

केन्द्रीय समिति

Central Committee

पत्र संख्या/Serial No.

चलानी नं./Regd. No.

मिति : ....................................

## प्रेस-वक्तव्य

विक्रम सम्वत १९९३ साल साउन महिनामा जन्मनु भएका रुकुम पश्चिम त्रिवेणी-६ विता निवासी कमरेड हर्कसिंह ओलीको आज विहान ३ : ४० बजे गंगालाल हृदयरोग केन्द्र बाँसबारी काठमाण्डौमा दुःखद निधन भएको छ । उहाँ हाम्रो पार्टीका स्थायी समिति सदस्य कमरेड हेमन्त प्रकाश ओलीको बुवा र पीबीएम कमरेड अम्बिका चन्दको ससुरा बुबा हुनुहुन्थ्यो । उहाँ लामो समयदेखि मुटु तथा स्वास-प्रश्वास सम्बन्धी रोगबाट पीडित हुनुहुन्थ्यो । उहाँका एक छोरा, चार छोरी र नाति नातिनाहरु हुनुहुन्छ । उहाँको छोरा कमरेड हेमन्त प्रकाशकी जेठी छोरी कमरेड सुवर्णा ओली जनयुद्धको सहिद हुनुहुन्छ । क. हेमन्त प्रकाश ओलीको राजनीतिक हैसियत निर्माणमा बुवा हर्कसिंह ओलीको महत्वपूर्ण भूमिका रहेको छ । उहाँको निधनबाट कम्युनिस्ट आन्दोलनले एकजना कर्मठ सदस्य र परिवारले कुशल अभिभावक गुमाएको छ । दुःखको यस घडीमा हाम्रो पार्टी क. हर्कसिंह ओलीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । साथै, क. हेमन्त प्रकाश ओली, क. अम्बिका चन्द लगायत उहाँका सम्पूर्ण शोकाकूल परिवार, साथीभाइ र शोकसन्तप्त आफन्तजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

मिति : १४ पुष २०८२

गौरव

गौरव

कार्यवाहक महासचिव

सम्पर्क कार्यालय कुपण्डोल, सम्पर्क इमेल : rcp.nepal2023@gmail.com

Contact Office: Kupondole, Contact Email : rcp.nepal2023@gmail.com